बैठक संख्या :- ८

आज मिति २०७९/०६/०५ गते बुधबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | दस्तखत | नाम | पद |
|---|---|---|---|
| १. | [signature] | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | [signature] | श्री सन्त बहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्च बहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | [signature] | श्री नर बहादुर नेपाल | गा पा प्रबक्ता एवम् वडा नं.३ वडा अध्यक्ष |
| ६. | [signature] | श्री रुद्र प्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | [signature] | श्री तेज बहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | [signature] | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बम बहादुर थापा मगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | [signature] | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | पार्वती | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | टेकमाया | श्री टेक माया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | परीमाया | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | [signature] | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | [signature] | श्री शंख बहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | [signature] | श्री जगत प्रसाद भुसाल | सदस्य-सचिब |

अन्य उपस्थिति:

१. बासु पण्डित, प्रशासन शाखा प्रमुख [signature]

२. सविता अर्याल, योजना शाखा प्रमुख [signature]

३. पवन खरेल, लेखापाल

पूर्व बैठकको समीक्षा

मिति २०७९।०५।०५ मा बसेको कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन सन्तोषजनक रहेको पाइयो।

कार्यपालिका बैठकको निर्णयहरुः

१. इच्छाकामना गाउँपालिकाको आ.व. २०७९।८० मा स्वीकृत वार्षिक बजेट नीति तथा कार्यक्रममा उल्लेख भई नेपाल सरकार समानीकरण अनुदानबाट रु. २५००००।- (अक्षरेपी दुई लाख पचास हजार) विनियोजन भएकाले सात वटै वडामा गठन भएका उपभोक्ता समितिका पदाधिकारीहरु अध्यक्ष, सचिब र कोषाध्यक्षलाई योजना सञ्चालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।

२. इच्छाकामना गाउँपालिकालाई आफ्नो कार्यक्षेत्र बनाई सञ्चालन हुने सरकारी तथा गैर सरकारी सङ्घ/संस्थाहरुलाई व्यवस्थित रुपमा सञ्चालन गरी गैरसरकारी संघ/संस्थासंगको साझेदारीमा गाउँपालिकाको विकास निर्माणको अभियानलाई सार्थकता दिन संघ/संस्था सञ्चालन तथा नियमन कार्यविधि निर्माण गर्ने।

३. कार्यपालिकाको कार्यालयमा रहेको चमेना गृह सञ्चालनका लागि न्यूनतम मासिक दर रु. १८०००।- (अक्षरेपी अठार हजार) भाडा एवम् न्यूनतम मूल्य सूची कायम गरी सिलवन्दी दरभाउपत्र आह्वान गर्ने।

४. गत आ.व. २०७८।०७९ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा विनियोजन भएको बजेट खर्च नभई नियमानुसार सङ्घीय संचितकोष खाता र प्रादेशिक संचितकोष खातामा फिर्ता गर्नुपर्ने रकम चालु आ.व. २०७९।०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको आन्तरिक स्रोतबाट व्यहोर्न आगामी गाउँसभामा पेश गर्ने गरी हाललाई उक्त रकम सम्बन्धित संचितकोष खातामा फिर्ता गर्ने।

५. इच्छाकामना गाउँपालिकाको आ.व. २०७९।०८० मा स्वीकृत वार्षिक बजेट नीति तथा कार्यक्रममा उल्लेख भएका योजना/कार्यक्रमहरुको सञ्चालनका लागि चितवन जिल्ला दररेट २०७९ मा स्थानीय निर्माण सामाग्रीहरु ढुङ्गा र नदीजन्य पदार्थको हकमा क्रमशः रु.१३००।- (तेह्र सय) नफोरेको ढुङ्गा, रु. १४००।- (चौध सय) फुटाएको ढुङ्गा र रु ६५०।- (छ सय पचास) ग्रावेल संशोधन गरी चितवन जिल्लाको दररेटलाई यस गाउँपालिकाको दररेटको रुपमा स्वीकृत गर्ने।

प्रमाणित गर्ने

जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष